आज मिति २०७७ साल भाद्र १६ गते यस सत्यवती गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शाही शेरचन

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री रुकबहादुर राना

सदस्य- श्री दानबहादुर राना

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकबहादुर बुढाथोकी

सदस्य- श्री सन्तकुमार थापा

सदस्य- श्री हरिप्रसाद बि.क.

सदस्य- श्री मिना दमाई

सदस्य- श्री होमबहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा

सदस्य- श्री मनमाया थापा

सदस्य- श्री नरमाया थापा राना

सचीव- श्री यादव भण्डारी

आमन्त्रित - श्री आशिष भट्ट

" - श्री सूर्या राना

" - श्री हिमलाल भण्डारी

**बैठक संख्याः ५- ०७७/७८ मिति : २०७७/०५/१६**

**प्रस्तावहरुः**

**प्रस्ताव नं.१ः** खैरेनी बजार पिच आयोजनामा क्षतिपुर्ति सम्बन्धमा।

**प्रस्ताव नं.२ः** कठानी कुलो आयोजनामा रकम थप गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.३ः** गाउँपालिकामा लकडाउन गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.४ः** विपदतर्फ निर्मित ट्रस विद्यालय सार्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१ः** सत्यवती गाउँपालिका र प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालित खैरेनी बजार पिच आयोजनाको कार्यान्वयन गर्दा प्राविधिक नापजाँचबाट घुम्ति क्षेत्रमा केही घरहरुमा क्षति पुग्न सक्ने देखिएकाले सो घरका घरधनीसँग मिति २०७७/०५/१७ गते छलफल गरी यथासक्य सहमति कायम गरी प्राविधिक रायबमोजिमको क्षतिपुर्ति उपलब्ध गराउने; सहमति जुट्न नसकेको अवस्थामा समेत यथासक्य घरमा कम क्षति पुर्याउने गरी र क्षति बमोजिमको क्षतिपुर्ति दिने गरी प्राविधिक रायबमोजिम आयोजना अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.२ः** सत्यवती गाउँपालिकाको आ.ब.०७७/७८ मा वडा नं. २ स्तरीय आयोजना कार्यक्रममा कठानी कुलो निर्माणका लागि रु.५ लाख विनियोजन भएकोमा अधिक वर्षाका कारण पहिरो गई उक्त रकमबाट पहिरोबाट पुगेको क्षति न्युनिकरण गरी उक्त आयोजना सम्पन्न हुन नसक्ने देखिएकाले विपद व्यवस्थापन कोष तर्फको बजेटबाट रु.२ लाख विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.३ः**

विश्वव्यापी महाव्याधीको रुपमा देखिएको कोभिड-१९ को प्रभाव र जोखिम बढ्दै गएको अवस्थामा छिमेकी गाउँपालिकामा गरिएको नमूना पिसिआर परिक्षणबाट कोभिड-१९ (कोरोना भाइरस) समुदायस्तरमा फैलिसकेको देखिएकाले सत्यवती गाउँपालिकामा समेत यसको जोखिम बढ्दै गएको छ। सोही सन्दर्भमा कोभिड -१९ को सम्भावित संक्रमणको जोखिम न्युनिकरण गर्न मिति २०७७/०५/१६ गतेको बैठकबाट सत्यवती गाउँपालिका क्षेत्रभर लागु हुने गरी मिति

२०७७/०५/१७ गते विहान ६:०० बजेदेखि मिति २०७७/०५/२४ गते विहान ६:०० बजेसम्मका लागि **लकडाउनको** घोषणा गर्ने र उक्त अवधिभर तपशील बमोजिम गर्ने गराउने निर्णय गरियो।

**तपशील**

१) सत्यवती गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरुबाट अत्यावश्यकीय सेवा बाहेकका सबै नियमित कार्यहरु बन्द गर्ने।

२) गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाबाट इमर्जेन्सी र प्रसुतिबाहेकका सबै सेवा बन्द गर्ने।

३) गाउँपालिका भित्र संचालित सबै बैंक एवम् वित्तीय संस्थाहरुबाट प्रदान गरिने दैनिक सेवाप्रवाह बन्द गर्ने तर कार्यालयको आन्तरिक कार्य गर्न सकिने।अत्यावश्यक परी सेवा प्रवाह गर्नु पर्ने स्थितिमा यस कार्यालयसँग समन्वय गरेर स्वीकृति लिएर मात्र गर्ने।

४) सत्यवती गाउँपालिकाबाट अन्यत्र जाने र अन्य स्थानबाट सत्यवती गाउँपालिका भित्र प्रवेश गर्ने कार्यमा रोक लगाउने। सत्यवती गाउँपालिका क्षेत्रलाई ट्रान्जिट बनाएर यात्रा गर्ने अन्य सवारी साधनले यस गाउँपालिका क्षेत्रमा सवारी साधन रोक्ने वा यात्रु ओसारपसार गर्न नपाइने।

५) सार्वजनिक स्थानमा मास्क नलगाई आवतजावत नगर्ने।

६) गाउँपालिका क्षेत्रभर सञ्चालित सबै प्रकारका व्यापार, व्यवसाय, पसल, होटेल, रेस्टुरेन्टहरु पुर्ण रुपले बन्द गर्ने। तर निर्माण सामाग्री, कृषि-पशुपञ्छी उत्पादन ओसारपसार तथा व्यवसाय, तरकारी- फलफूल पसल, खाद्यान्न बिक्री पसलको हकमा हरेक दिन विहान ७:०० बजेदेखि ११:०० बजेसम्म मात्र संचालन गर्न सकिने।

७) सत्यवती गाउँपालिकामा संचालित गौरबका आयोजना, विपद एवम् आवासविहिनका आवासहरु निर्माण गर्दा सामाजिक दुरी कायम गरी आवश्यक सुरक्षाका उपायहरु अवलम्बन गरी गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृतिमा मात्र निर्माण कार्य गर्नु पर्ने।

८) अत्यावश्यकीय सेवा प्रवाह गर्ने कार्यालयहरुको बाहिर अनिवार्य हात धुने व्यवस्था गर्ने, हात नधोइकन र मास्क नलगाइकन उपस्थित सेवाग्राहीलाई कार्यालय प्रवेशको अनुमति नदिने।

९) औषधी पसल, निर्माण सामाग्री, खाद्यान्न, कृषि र पशुजन्य उत्पादन बिक्री पसलबाट तोकिएको समयमा किनबेच गर्दा कोभिड-१९ लक्षित सुरक्षाका उपायहरु अनिवार्य अबलम्बन गर्ने, ग्राहक वा सेवाग्राहीले अनिवार्य मास्क लगाएको सुनिश्चतता गर्ने, हात धुनका लागि साबुन पानीको प्रवन्ध गर्ने ।

१०) अत्यावश्यकीय सेवाप्रवाहमा खट्ने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी लगायतलाई अनुगमन कार्यमा सम्बन्धित कसैले अवरोध नगर्ने।

११) अत्यावश्यकीय काम परी यात्रा गर्नु परेमा कारण खुल्ने कागजात र परिचयपत्र बोकी यात्रा गर्नुपर्ने।

१२) उल्लिखित निर्णयहरुको प्रतिकुल हुने कार्य गरेमा गाउँ कार्यपालिकाको निर्णयानुसार तोकिएबमोजिमको जरिवाना गर्ने।

**जरिवानासम्बन्धी व्यवस्था**

| **क्र.सं.** | **विवरण** | **जरिवाना रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | सार्वजनिक स्थानमा मास्क नलगाई हिँडेमा | रु.१००/- | |
| २. | तोकिएको समयभन्दा फरक समयमा पसल व्यवसाय खोलेमा | रु.२००/- | |
| ३. | बन्द गर्ने भनी तोकिएको पसल खोलेमा | रु.२००/- | |
| ४. | तोकएका पसल वा कार्यालयको बाहिर पट्टी हात धुने पानी र स्यानिटाइजरको व्यवस्था नगरिएको अवस्थामा | रु.२००/- | |